## त्रिभुवन विश्वविद्यालय

# सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम, २०८१

पारित मिति : २०८१/०४/३२

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. २९१)

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

२०८१

# विषय सूची


| विषय | | पेज |
|---|---|---|
| १. | प्रारम्भिक | १ |
| २. | डिन पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ३ |
| ३. | सहायक डिन पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ९ |
| ४. | अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | १३ |
| ५. | कार्यकारी निर्देशक (पाठ्यक्रम विकास केन्द्र) पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | १८ |
| ६. | शिक्षण अस्पतालका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | २३ |
| ७. | मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | २७ |
| ८. | वि.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ३२ |
| ९. | अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ३७ |
| १०. | योजना निर्देशनालयको निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ४२ |
| ११. | अनुगमन निर्देशनालयको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ४८ |
| १२. | अनुगमन निर्देशनालयका उपनिर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ५३ |
| १३. | विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था | ६० |

१४. अनुसन्धान निर्देशनालयको निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ६५

१५. परीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ७१

१६. सहपरीक्षा नियन्त्रक पदमा नियुक्तिका लागि सिफारिस गर्ने सम्बन्धी व्यवस्था ७६

१७. प्रिन्सिपल नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ८१

१८. प्रोक्टर नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ८७

१९. क्याम्पस प्रमुख पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ९२

२०. सहायक क्याम्पस प्रमुख पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ९७

२१. खुला तथा दूरशिक्षा केन्द्रको निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था १०२

२२. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्रको निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था १०७

२३. खुला तथा दूरशिक्षा केन्द्रका उपनिर्देशकको पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ११३

२४. आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा निर्देशक नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था ११८

२५. आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रममा सहनिर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था १२२

२६. कार्यक्रम संयोजक/ विभाग प्रमुख पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था १२७

२७. सङ्ग्रहालय प्रमुख पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था १३२

२८. विविध १३९

अनुसूची १४०

## त्रिभुवन विश्वविद्यालय
## सावधिक पदमा नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम, २०८१

त्रिभुवन विश्वविद्यालयका सावधिक पदमा स्वतन्त्र र निष्पक्ष रूपमा प्रतिस्पर्धा गराई, जवाफदेहिता एवम् विश्वसनियतापूर्वक नियुक्ति गर्दा नियुक्त हुने व्यक्तिमा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेही एवम् आत्मविश्वास बढ्न गई कुशल नेतृत्व स्थापित हुन सक्छ भन्ने उद्देश्यले प्रतिस्पर्धा गराउन वाञ्छनीय भएकाले, त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १३३(२) र ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायका विनियमहरू बनाएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी विनियमहरूको नाम "त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्ति गर्ने आधार र मापदण्डसम्बन्धी विनियम, २०८१" रहेको छ।

(२) यो विनियम कार्यकारी परिषद्बाट निर्णय भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा -

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनुपर्छ।

(ख) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनुपर्छ।

(ग) "पदाधिकारी" भन्नाले यस विनियममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, क्याम्पस प्रमुख र प्राचार्यलाई सम्झनुपर्छ।

(घ) "सावधिक पद" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, नियम तथा विनियममा रहेका पदमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् वा उपकुलपति वा शिक्षाध्यक्ष वा रजिष्ट्रार वा कार्यान्वयन समितिबाट नियुक्त हुने विश्वविद्यालयको पूरा समय काम गर्ने डिन, कार्यकारी निर्देशक, सहायक डिन, क्याम्पस प्रमुख, प्रिन्सिपल (प्राचार्य), परीक्षा नियन्त्रक, प्रोक्टर, सहपरीक्षा नियन्त्रक, सहायक क्याम्पस प्रमुख, निर्देशक, उपनिर्देशक, क्याम्पस विभागीय प्रमुख, कार्यक्रम संयोजक, सहसंयोजक र कार्यकारी परिषद्बाट समय समयमा तोकेको अन्य पदलाई सम्झनुपर्छ।

(ङ) "शैक्षिक उपाधि" भन्नाले विनियममा तोकेबमोजिमको उपाधिलाई सम्झनुपर्छ।

(च) "अनुभव" भन्नाले सावधिक पदमा काम गरेबापत विनियममा तोकेबमोजिम प्राप्त हुने अङ्कलाई सम्झनुपर्छ।

(छ) "अङ्क" भन्नाले शैक्षिक उपाधि, कार्य अनुभव, प्राज्ञिक अनुभव, अनुसन्धानसम्बन्धी लेखबापत प्राप्त हुने अङ्क र विनियममा विभिन्न शीर्षकमा तोकेबमोजिम प्राप्त हुने अङ्कलाई सम्झनुपर्छ।

(ज) "**छनोट** समिति" भन्नाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० बमोजिम डिन र कार्यकारी निर्देशकको नियुक्तिका लागि सिफारिस गर्न कार्यकारी परिषद्बाट गठित समितिलाई सम्झनुपर्छ र सो शब्दले कार्यकारी परिषद्, उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन, क्याम्पस प्रमुख, प्राचार्यले नियुक्ति गर्न गठन गर्ने विभिन्न समितिसमेतलाई जनाउनेछ।

(झ) "योग्यता" भन्नाले सावधिक पदमा नियुक्तिका लागि विनियममा तोकेको न्यूनतम आवश्यक योग्यतालाई सम्झनुपर्छ।

(ञ) "निर्देशक" भन्नाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० मा उल्लिखित निर्देशक, कार्यकारी परिषद्बाट नियुक्त हुने विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय, अनुसन्धान निर्देशनालय, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन केन्द्र, खुला तथा दूरशिक्षा केन्द्रका निर्देशक सम्झनुपर्छ र सो शब्दले विभिन्न केन्द्र/ निर्देशनालयका उपनिर्देशकसमेतलाई जनाउनेछ।

(ट) "संयोजक" भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभाग र आङ्गिक क्याम्पसहरूमा शैक्षिक कार्यक्रमहरू सञ्चालनका लागि विनियममा तोकेबमोजिमको प्रक्रियाबाट नियुक्त व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले सहसंयोजकसमेतलाई जनाउनेछ।

(ठ) "सेवा अवधि" भन्नाले त्रि.वि. सेवा आयोगको सेवा अवधि गणना गर्ने नियमानुसार गणना गरिएको अवधि जनाउनेछ।

त्रिभुवन विश्वविद्यालय

# परिच्छेद - २

## डिन पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था

३. त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० (२०८०।३।१२ सम्मको संशोधनसहित) को परिच्छेद ४९ नियम १७५ (२) बमोजिम कार्यकारी परिषद्बाट गठन गरिएको संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको समितिले सम्बन्धित क्षेत्रका शैक्षिक विशिष्टता प्राप्त गरेको प्राध्यापक वा सहप्राध्यापकहरूमध्येबाट वर्णानुक्रममा ३ जनाको नामावली कार्यकारी परिषद्समक्ष पेस गर्नेछ र कार्यकारी परिषद्बाट सिफारिस गरिएका ३ जनामध्ये कुनै १ जनालाई डिनमा नियुक्त गरिनेछ। दुई पटकभन्दा बढी पदावधिका लागि एउटै व्यक्ति डिन पदमा नियुक्ति हुने छैन तथा १८०(२)अनुसार गठन हुने सिफारिस समितिले देहायबमोजिमको योग्यता आधार र मापदण्डको अधीनमा रही डिन नियुक्तिका लागि ३ जनाको नाम कार्यकारी परिषद्मा पेस गर्नेछ।

**४. सिफारिसका आधार तथा मापदण्ड**

**(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता**

क) अध्ययन संस्थान वा सङ्कायलाई प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्व गर्न सक्ने, कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवको प्रमाणिक आधारहरू (तालिम, अनुभव, अध्ययन भ्रमण, नेतृत्व विकास प्रशिक्षण तथा अध्ययन आदि),

ख) अनुसन्धान, प्रकाशन, प्रतिलिपि अधिकार तथा विद्यावारिधि शोध निर्देशन,

ग) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित परियोजनाहरूको नेतृत्व तथा कोष वृद्धिसम्बन्धी कार्य सम्पादन गरेको,

घ) विश्वविद्यालयको योजनाअनुरूप संस्थान वा सङ्कायको उन्नयन तथा उत्थानका लागि २,००० देखि ३,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

ङ) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा (चिकित्साशास्त्र अध्यन संस्थानको हकमा निजी स्वास्थ्य संस्थाहरूको कुनै पनि सेवामा संलग्न नभएको) सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

च) शैक्षिक प्रशासन वा प्राज्ञिक पदमा कार्य अनुभव।

**(२) आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरू**

क) व्यक्तिगत विवरण,

ख) विश्वविद्यालयको प्राध्यापक वा सहप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणिक कागजात,

ग) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व (PI, Co-PI o Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभवका कागजात,

घ) विनियम ४ (३)को खण्ड (घ) मा तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा सामग्रीहरू,

ङ) विश्वविद्यालयको योजनाअनुरूप संस्थान वा सङ्कायको प्राज्ञिक तथा वित्तीय व्यवस्थापन, एवम् संस्थागत विकासको विषयमा तयार गरिएको २,००० देखि ३,००० शब्दसम्मको कार्ययोजना,

च) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा (चिकित्सा शात्र अध्ययन संस्थानको हकमा निजी स्वास्थ्य संस्थाहरू र इन्जिनियरिङ सेवाको हकमा परामर्श लगायतका कुनै पनि सेवा) सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

छ) उच्च शिक्षा प्रदायक संस्थामा काम गर्दा वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कार्य अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण,

ज) आफूले प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने।

**(३) छनोट तथा सिफारिससम्बन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ।

| आधार | पूर्णाङ्क | गणना विधि | कैफियत |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • निर्देशक, सहायक डिन, क्याम्पस प्रमुख, केन्द्रीय विभागीय प्रमुख, स्कुलका निर्देशक वा सोसरह प्रतिवर्ष ०.७५ अङ्क<br>• सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक वा सोसरह ०.५ अङ्क | |
| (ख) प्राज्ञिक अनुभव | २० | • प्राध्यापक प्रतिवर्ष २ अङ्क<br>• सहप्राध्यापक प्रतिवर्ष १ अङ्क | न्यूनतम अनुभव एक वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |
| (ग) विद्यावारिधि | ८ | | |
| (घ) अनुसन्धानसम्बन्धी लेख, प्रविधि, | २० | १ समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल , प्रविधि विकास र प्रतिलिपि अधिकार | |

| | | | |
|---|---|---|---|
| अनुसन्धानमूलक पुस्तक, प्रतिलिपि अधिकार | | • अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (Sci Mago जर्नलको स्तरअनुसार) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५प्रति) First Author, | |

| | | | |
|---|---|---|---|
| | | Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• प्रतिलिपि अधिकार प्रतिअधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति)<br>PI भएमा पूर्णाङ्क (Full Marks) र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• अनुसन्धानमूलक पुस्तक प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४अङ्क<br>• विद्यावारिधि शोधनिर्देशन/सहनिर्देशन ६ अङ्क<br>○ प्रति शोधनिर्देशन २ अङ्क<br>○ प्रति सहनिर्देशन १अङ्क<br>(उपाधि प्रदान भइसकेको हुनुपर्ने) | |

| | | | |
|---|---|---|---|
| (ङ) पाठ्यक्रम निर्माण, परीक्षा तथा मूल्याङ्कनसम्बन्धी दक्षता | ७ | • पाठ्यक्रम निर्माण, परीक्षा तथा मूल्याङ्कनसम्बन्धी सम्पन्न गरेका कार्यहरू (प्रश्न पत्र निर्माण, मोडरेशन र उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण, (प्रति कार्य २ अङ्क) | • हरेक विषयको पाठ्यक्रम निर्माणको प्रमाणित विषय समितिको अध्यक्ष/ डिनले गर्नुपर्ने छ<br>• परीक्षा तथा मूल्याङ्कनसम्बन्धी सम्पन्न गरेका कार्यहरू सम्बन्धित डिन, परीक्षा नियन्त्रक, विषय समितिको अध्यक्षले प्रमाणित गर्नुपर्ने छ (प्रमाणित गर्ने व्यक्ति उम्मेदवार भएमा सम्बन्धित माथिल्लो निकायको प्रमुख हुनेछ) |
| (च) राष्ट्रिय / अन्तर्राष्ट्रिय अनुसन्धान नेतृत्व तथा कोष वृद्धिसम्बन्धी अनुभव | ५ | • प्रति अनुसन्धान नेतृत्व तथा कोष वृद्धि अनुभव २.५ अङ्कका दरले<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ। | अनुसन्धान गराउने निकायबाट प्रमाणित भएको |
| (छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/सम्मेलन/नेतृत्व सम्बन्धी तालिम | ५ | • प्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/सम्मेलन/नेतृत्व सम्बन्धी अनुभव १ अङ्कका दरले | |
| (ज) रणनीतिक योजना कार्यान्वयनसम्बन्धी कार्ययोजना | १५ | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | रणनीति योजनाको मूल्याङ्कन आधार अनुसूचीमा समावेश भएबमोजिम अथवा रणनीति योजनाको मूल्याङ्कन आधार अनुसूचीमा समावेश भएबमोजिम अथवा समितिबाट तयार |

| | | | |
|---|---|---|---|
| | | | पारिएको मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |
| (झ) कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्ता | १० | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | प्रस्तुति तथा अन्तर्वार्ता अनुसूचीमा समावेश भएबमोजिम अथवा समितिबाट तयार गरिएको प्रस्तुतिको आधारमा रही मूल्याङ्कन गरिने |

(४) छनोट **समिति**

कार्यकारी परिषद्बाट १ जना संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय छनोट समिति गठन गरिनेछ ।

**(५) सिफारिससम्बन्धी व्यवस्था**

क) विनियम ४(३) को खण्ड (क) देखि (झ) सम्मका आधारहरूमा प्राप्त अङ्कको योगफलका आधारमा सर्वोत्तम अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारलाई समितिले डिन पदमा नियुक्तिका लागि वर्णानुक्रमको आधारमा सिफारिस गर्नेछ।

ख) प्रत्येक संस्थान वा सङ्कायको डिन पदमा आवेदन गर्ने उम्मेदवारहरूमध्ये विनियम ४(३) को खण्ड (क) देखि (ज) सम्मको आधारमा प्राप्त हुने कूल अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने ५ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ।

ग) विनियम ४(३) को खण्ड (क) देखि (झ) सम्मको अङ्क गणनाअनुसार उम्मेदवार सिफारिस गर्न प्राप्तांक बराबर भएमा विनियम ४(३) को खण्ड (घ) मा उल्लेख भएबमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइने छ र विनियम ४(३) को खण्ड (घ) बमोजिम बराबर भएमा विनियम ४(३) को खण्ड (च) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिई समितिले कार्यकारी परिषद्मा सिफारिस गर्नेछ।

## परिच्छेद - ३
## सहायक डिन पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था

५. त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० (२०८०/३/१२ सम्मको संशोधनसहित) को परिच्छेद ५१ नियम १८२ (१) प्रत्येक अध्ययन संस्थान वा सङ्कायमा कार्यकारी परिषद्ले तोकेको सङ्ख्यामा शैक्षिक तथा आर्थिक प्रशासन सञ्चालन गर्नका निमित्त आवश्यकता हेरी एक वा एकभन्दा बढी सहायक डिन रहनेछन्।

(२) कार्यकारी परिषद्बाट सम्बन्धित डिनको सिफारिसमा शिक्षकहरूमध्येबाट सहायक डिनको नियुक्ति हुनेछ।

**६. सिफारिसका अधार तथा मापदण्ड**

(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता,

क) अध्ययन संस्थान वा सङ्कायका तोकिएबमोजिमका प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सञ्चालन कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवको प्रमाणित आधारहरू (तालिम, अनुभवार्जन अध्ययन भ्रमण, नेतृत्व विकास प्रशिक्षण तथा अभ्यास अध्ययन आदि)

ख) अनुसन्धान, प्रकाशन, प्रतिलिपि अधिकार तथा विद्यावारिधि शोधकार्य निर्देशन,

ग) पाठ्यक्रम निर्माण, परीक्षा मूल्याङ्कन र अनुगमनसम्बन्धी प्रयोगात्मक सिप र अनुभव

घ) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा (चिकित्साशास्त्र अध्यन संस्थानको हकमा निजी स्वास्थ्य संस्थाहरूको कुनै पनि सेवामा संलग्न नभएको) सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

ङ) शैक्षिक प्रशासन वा प्राज्ञिक पदमा कार्य अनुभव ।

(२) **उम्मेदवार हुन आवेदनका साथ पेसगर्नुपर्ने कागजातहरू**

क) व्यक्तिगत विवरण,

ख) विश्वविद्यालयको प्राध्यापक वा सहप्राध्यापक वा उपप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात,

ग) विनियम ६ (३) को खण्ड (घ) मा तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा पाठ्य सामग्रीहरू,

घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व (PI, Co-PI or Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभवका कागजात,

ङ) पाठ्यक्रम निर्माण, परीक्षा मूल्याङ्कन र अनुगमनसम्बन्धी अनुभव,

च) आफूले प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने,

छ) विश्वविद्यालयको योजनाअनुरूप सम्बन्धित संस्थान वा सङ्कायको उन्नयन तथा उत्थानसम्बन्धी कार्ययोजना (**डिन**) कार्यान्वयनको प्रतिबद्धता ।

(३) **छनोट तथा सिफारिससम्बन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ।

| **आधार** | **पूर्णाङ्क** | **गणना विधि** | **कैफियत** |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • क्याम्पस प्रमुख, विभागीय प्रमुख, स्कुलका निर्देशक वा सोसरह प्रतिवर्ष ०.७५ अङ्क<br>• सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक वा सोसरह ०.५ अङ्क | |
| (ख) प्राज्ञिक अनुभव | १२ | • प्राध्यापक प्रतिवर्ष ३ अङ्क<br>• सहप्राध्यापक प्रतिवर्ष २ अङ्क<br>• उपप्राध्यापक प्रतिवर्ष १ अङ्क | न्यूनतम अनुभव एक वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |
| (ग) विद्यावारिधि | ८ | | |
| (घ) अनुसन्धानसम्बन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक, प्रतिलिपि अधिकार | २५ | समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल , प्रविधि विकास र प्रतिलिपि अधिकार<br>• अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (SciMago जर्नलको स्तरअनुसार)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः | |

| | | | |
|---|---|---|---|
| | | तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• प्रतिलिपि अधिकार प्रतिअधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन ३ अङ्कका दरले (बढीमा ४ प्रति) | |

| | | | |
|---|---|---|---|
| | | PI भएमा पूर्णाङ्क (Full Marks) र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• अनुसन्धानमूलक पुस्तक- प्रतिपुस्तक २अङ्कका दरले बढीमा ४अङ्क | |
| (ङ) राष्ट्रिय / अन्तर्राष्ट्रिय अनुसन्धान नेतृत्व तथा कोष वृद्धि सम्बन्धी अनुभव | ५ | • प्रति अनुसन्धान नेतृत्व तथा कोष वृद्धि अनुभव २.५ अङ्कका दरले PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ। | |
| (च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/सम्मेलन/नेतृत्व सम्बन्धी तालिम | ५ | • प्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/सम्मेलन/नेतृत्व सम्बन्धी अनुभव २ अङ्कका दरले | |
| (छ) रणनीतिक योजना कार्यान्वयनसम्बन्धी कार्ययोजना कार्यान्वयनको प्रतिबद्धता | २० | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | समितिबाट तयार पारिएको मूल्याङ्कन आधारमा मूल्याङ्कन गरिने |
| (ज) अन्तर्वार्ता | १५ | • अन्तर्वार्ता समितिका सदस्यहरूको मूल्याङ्कन- न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | अन्तर्वार्ताको मूल्याङ्कन अनुसूचीमा भए बमोजिम हुनेछ |

(४) छनोट **समिति**

**सम्बन्धित अध्ययन संस्थान / सङ्कायका डिन**बाट संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय छनोट समिति गठन गरिनेछ ।

(५) **सिफारिससम्बन्धी व्यवस्था**

क) विनियम ६(३) को खण्ड (क) देखि (ज) सम्मका आधारहरूमा प्राप्त अङ्कको आधारमा सर्वोत्तम अङ्क प्राप्त गर्ने प्रति १ आवश्यक सङ्ख्याको ३ जनाका दरले सहायक डिन पदमा कार्यकारी परिषद्मा सिफारिस गर्न वर्णानुक्रमका आधारमा डिनसमक्ष नाम पेस गरिनेछ।

ख) प्रत्येक अध्ययन संस्थान वा सङ्कायको सहायक डिन पदमा आवेदन गर्ने उम्मेदवारहरूमध्ये विनयम ६(३) को खण्ड (क) देखि (छ) सम्मको आधारमा प्राप्त हुने कूल अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने ५ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ।

ग) विनियम ६(३) को खण्ड (क) देखि (ज) सम्मको अङ्क गणनाअनुसार उम्मेदवार सिफारिस गर्न प्राप्ताङ्क बराबर भएमा विनियम ६ (३) को खण्ड (घ) मा बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइनेछ। विनियम ६(३) को खण्ड (घ) बमोजिम बराबर भएमा विनियम ६ (३) को खण्ड (ङ) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिई सिफारिस गरिनेछ।

## परिच्छेद - ४

## अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था

७. त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० (२०८०।३।१२ सम्मको संशोधन सहित) को परिच्छेद ५० नियम १८० (२) कार्यकारी परिषद्बाट गठन गरिएको संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको समितिले सम्बन्धित क्षेत्रका प्राध्यापक एवम् सहप्राध्यापक वा अनुसन्धानमा विशिष्ट योगदान गरेका विद्वान् वा अनुसन्धान कार्यमा दक्ष व्यक्तिहरू मध्येबाट ३ जनाको नामावली कार्यकारी परिषद्समक्ष पेस गर्नेछ र त्यसमा विचार गरी कार्यकारी परिषद्बाट कार्यकारी निर्देशकको नियुक्ति हुनेछ।

**८. सिफारिसका थप आधार तथा मापदण्ड**

**(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता**

क) अनुसन्धान केन्द्रलाई समसामयिक समस्या केन्द्रित अनुसन्धान र अन्वेषण गरी प्राज्ञिक र प्रायोगिक योगदान, प्रशासनिक, आर्थिक प्रशासन तथा व्यवस्थापकीय नेतृत्व गर्न सक्ने, कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवका प्रमाणित आधारहरू (अनुसन्धान कार्य, व्यवस्थापन नेतृत्व, परियोजना लेखन तथा परियोजना नेतृत्व, कार्यकारी प्रशासन तथा अर्थ प्रशासन र कोष निर्माण आदि ) ,

ख) अनुसन्धान, प्रकाशन तथा विद्यावारिधि शोध निर्देशन ,

ग) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित परियोजनाहरूको नेतृत्व ,

घ) कोष वृद्धि तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभव,

ङ) विश्वविद्यालयको योजनाअनुरूप अनुसन्धान केन्द्रको उन्नयन तथा उत्थान गर्ने गरी केन्द्र सञ्चालन गर्न २,००० देखि ३,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

च) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्काय वा अनुसन्धान केन्द्रसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा,

छ) सामान्य तथा आर्थिक प्रशासन, अनुसन्धान वा प्राज्ञिक पदमा कार्य अनुभव।

(२) **उम्मेदवार हुन आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरू**

क) व्यक्तिगत विवरण,

ख) प्राध्यापक वा सहप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात,

ग) विनियम ८(३) को खण्ड (घ) मा तोकिएबमोजिम अनुसन्धान कार्य, स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तकहरू, प्रविधिविकास सम्बन्धी प्रमाणित आधार खुल्ने प्रमाणित सामग्रीहरू,

घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व (PI, Co-PI or Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभवका कागजात,

ङ) विश्वविद्यालयको योजनाअनुरूप केन्द्रको उन्नयन तथा उत्थानका लागि तयार गरिएको २,००० देखि ३,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

च) अनुसन्धान केन्द्र /संस्थामा काम गर्दा अनुसन्धान वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कामको अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण,

छ) आफूले प्राज्ञिक तथा अनुसन्धान क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने,

ज) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा।

(३) **छनोट तथा सिफारिससम्बन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ।

| **आधार** | **पूर्णाङ्क** | **गणना विधि** | **कैफियत** |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • सहायक डिन, क्याम्पस प्रमुख, विभागीय प्रमुख, स्कुलका निर्देशक, विषय समितिका अध्यक्ष वा सोसरह प्रतिवर्ष ०.७५ अङ्क<br>• सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक वा सोसरह ०.५ अङ्क | |
| (ख) प्राज्ञिक अनुभव | १२ | • प्राध्यापक प्रतिवर्ष २ अङ्क<br>• सहप्राध्यापक प्रतिवर्ष १ अङ्क | न्यूनतम अनुभव एक वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |

| | | | |
|---|---|---|---|
| (ग) विद्यावारिधि | ८ | | |
| (घ) अनुसन्धानसम्बन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक, प्रतिलिपि अधिकार | २५ | • समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल , प्रविधि विकास र प्रतिलिपि अधिकार<br>• अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (SciMago जर्नलको स्तरअनुसार)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ | |

| | | | |
|---|---|---|---|
| | | प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• प्रतिलिपि अधिकार प्रतिअधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति)<br>PI भएमा पूर्णाङ्क (Full Marks) र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• अनुसन्धानमूलक पुस्तक- प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४ अङ्क<br>• विद्यावारिधि शोधनिर्देशन/ सहनिर्देशन ६ अङ्क<br>○ प्रति शोधनिर्देशन २ अङ्क<br>○ प्रति सहनिर्देशन १ अङ्क<br>(उपाधि प्रदान भइसकेको हुनुपर्ने) | |
| (ङ) राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धान नेतृत्व तथा कोष वृद्धि सम्बन्धी अनुभव | १५ | • प्रति अनुसन्धान नेतृत्व तथा कोष वृद्धि अनुभव २.५ अङ्कका दरले PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ। | |

| | | | |
|---|---|---|---|
| (च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/ सम्मेलन/नेतृत्व सम्बन्धी तालिम | ५ | • प्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य/सम्मेलन/नेतृत्व सम्बन्धी अनुभव २ अङ्कका दरले | |
| (छ) विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयनसम्बन्धी कार्ययोजना | १५ | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | रणनीति योजनाको मूल्याङ्कन आधार अनुसूचीमा समावेश भएबमोजिम अथवा समितिबाट तयार पारिएको मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |
| (ज)योजना प्रस्तुति तथा अन्तर्वार्ता | १० | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | प्रस्तुति तथा अन्तर्वार्ता अनुसूचीमा समावेश भए बमोजिम अथवा समितिबाट तयार गरिएको प्रस्तुतिको आधारमा रही मूल्याङ्कन गरिने |

(४) छनोट **समिति**

कार्यकारी परिषद्बाट १ जना संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय छनोट समिति गठन गरिनेछ।

**(५) सिफारिससम्बन्धी व्यवस्था**

क) विनियम ८(३) को खण्ड (क) देखि (ज) सम्मका आधारहरूमा प्राप्त अङ्कको योगफलका आधारमा सर्वोत्तम अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारलाई समितिले कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि वर्णानुक्रमानुसार सिफारिस गर्नेछ,

ख) अनुसन्धान केन्द्रको कार्यकारी निर्देशक पदमा आवेदन गर्ने उम्मेदवारहरूमध्ये विनियम ८ (३) को खण्ड (क) देखि (छ) सम्मको आधारमा प्राप्त हुने कूल अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने ५ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ,

ग) विनियम ८(३) को खण्ड (क) देखि (ज) सम्मको अङ्क गणनाअनुसार उम्मेदवार सिफारिस गर्न प्राप्ताङ्क बराबर भएमा विनियम ८(३) को खण्ड (घ) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइने छ। विनियम ८(३) को खण्ड (घ) बमोजिम बराबर भएमा विनियम ८(३) को खण्ड (ङ) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिई सिफारिस गरिनेछ।

## परिच्छेद - ५

## कार्यकारी निर्देशक (पाठ्यक्रम विकास केन्द्र) पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था

९. त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० (२०८०।३।१२ सम्मको संशोधनसहित) को परिच्छेद ५४ नियम १९०(२) शैक्षिक विशिष्टता प्राप्त प्राध्यापक वा सहप्राध्यापकहरूमध्येबाट शिक्षाध्यक्षले तीन जनाको नामावली कार्यकारी परिषद्समक्ष पेस गर्नेछन्। त्यसमा विचार भई कार्यकारी परिषद्बाट पाठ्यक्रम विकास केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति हुनेछ।

**१०. सिफारिसका आधार तथा मापदण्ड**

**(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता**

क) पाठ्यक्रम विकास केन्द्रलाई पाठ्यक्रम निर्माण, प्रयोग, पाठ्यक्रम सुधार, विकास सम्बन्धी अनुसन्धान तथा राष्ट्रिय अन्तर्राष्ट्रिय उच्चशिक्षाका पाठ्यक्रमसँग परिचित, पाठ्यक्रम निर्माण तथा स्तरीकरण, सम्बन्धित ज्ञान, उपाधि, समकक्षता निर्धारण पद्धति र योग्यता निर्धारण गरी समकक्ष उपाधि प्रदान गर्ने सम्बन्धी प्राविधिक तथा व्यवस्थापकीय नेतृत्व गर्न सक्ने कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवका प्रमाणित आधारहरू ,

ख) अनुसन्धान, प्रकाशन, प्रतिलिपि अधिकार तथा विद्यावारिधि शोधकार्य निर्देशन,

ग) उच्चशिक्षाका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पाठ्यक्रम निर्माण सम्बन्धी कार्यमा संलग्न भई कार्य गरेको तथा शैक्षिक कार्यक्रम विकास सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परियोजनाहरूको नेतृत्व गरेको,

घ) शैक्षिक कार्यक्रम विकास, कार्यान्वयन, राष्ट्रिय तथा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय योग्यता प्रणाली सम्बन्धी तथा समकक्षता निर्धारण सम्बन्धी ज्ञान र कार्य संलग्नता तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभव,

ङ) विश्वविद्यालयको योजनाअनुरूप केन्द्रको उन्नयन तथा उत्थान गर्ने गरी केन्द्र सञ्चालन गर्न २००० देखि ३००० शब्दको कार्ययोजना,

च) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्ति वा पाठ्यक्रमसँग लगानी नभएको/नगरेको स्वघोषणा,

छ) सामान्य तथा आर्थिक प्रशासन, अनुसन्धान वा प्राज्ञिक पदमा कार्य अनुभव ।

**(२) उम्मेदवार हुन आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरू**

क) व्यक्तिगत विवरण,

ख) प्राध्यापक वा सहप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात,

ग) विनियम १० (४) को खण्ड (ङ)मा तोकिएबमोजिम अनुसन्धान कार्य, स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तकहरू, पाठ्यक्रम विकास, प्रविधि विकास तथा प्रतिलिपि अधिकार सम्बन्धी प्रमाणित आधार खुल्ने सामग्रीहरू,

घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व (PI, Co-PI or Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभवका कागजात,

ङ) संस्थागत उन्नयन तथा उत्थान गर्ने सम्बन्धमा विश्वविद्यालयको योजनाअनुरूप २,००० देखि ३,००० शब्दको रणनीतिक कार्ययोजना,

च) आफूले प्राज्ञिक तथा अनुसन्धान क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने,

छ) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको स्वघोषणा ।

(३) **छनोट तथा सिफारिससम्बन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ।

| **आधार** | **पूर्णाङ्क** | **गणना विधि** | **कैफियत** |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • सहायक डिन, क्याम्पस प्रमुख, विभागीय प्रमुख, स्कुलका निर्देशक वा सोसरह प्रतिवर्ष ०.७५ अङ्क<br>• सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक वा सोसरह ०.५ अङ्क | |
| (ख) प्राज्ञिक तथा अनुसन्धान अनुभव | १२ | • प्राध्यापक प्रतिवर्ष २ अङ्क<br>• सहप्राध्यापक प्रतिवर्ष १ अङ्क | न्यूनतम अनुभव एक वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |
| (ग) विद्यावारिधि | ८ | | |

| | | | |
|---|---|---|---|
| (घ) योग्यता प्रणाली र समकक्षता सम्बन्धी कार्य सञ्चालनसम्बन्धी अनुभव | १० | • योग्यता प्रणाली र समकक्षता सम्बन्धी कार्य गरेको प्रतिवर्ष २ अङ्कका दरले | |
| (ङ) अनुसन्धानसम्बन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक, प्रतिलिपि अधिकार | १५ | समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल , प्रविधि विकास र प्रतिलिपि अधिकार<br>• अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ का दरले (SciMago जर्नलको स्तरअनुसार)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको | |

| | | | |
|---|---|---|---|
| | | पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• प्रतिलिपि अधिकार प्रतिअधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति)<br>PI भएमा पूर्णाङ्क (Full Marks) र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• अनुसन्धानमूलक पुस्तक- प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४अङ्क<br>• विद्यावारिधि शोधनिर्देशन/सहनिर्देशन ६ अङ्क<br>प्रति शोधनिर्देशन २ अङ्क<br>प्रति सहनिर्देशन १ अङ्क<br>(उपाधि प्रदान भइसकेको हुनुपर्ने) | |
| (च) समकक्षता व्यवस्थापन तथा मूल्याङ्कनसम्बन्धी दक्षता | १० | • पाठ्यक्रम निर्माण सम्बन्धी सम्पन्न गरेका कार्यहरू (प्रति कार्य २ अङ्क)<br>• समकक्षता मूल्याङ्कन सम्बन्धी सम्पन्न गरेका कार्यहरू (प्रति कार्य १ अङ्क) | |
| (छ) विश्वविद्यालयको रणनीतिक योजना कार्यान्वयनसम्बन्धी कार्ययोजना | १५ | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | रणनीति योजनाको मूल्याङ्कन आधार अनुसूचीमा समावेश भएबमोजिम अथवा समितिबाट तयार पारिएको |

| | | | |
|---|---|---|---|
| | | | मूल्याङ्कन आधारमा रही मूल्याङ्कन गरिने |
| (छ) कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्ता | २० | • समितिका सदस्यहरूको मूल्याङ्कन - न्यूनतम ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क प्रदान गर्नु परेमा समितिका सबै सदस्यले उचित कारण उल्लेख गरेको हुनु पर्नेछ | प्रस्तुति तथा अन्तर्वार्ता अनुसूचीमा समावेश भए बमोजिम अथवा समितिबाट तयार गरिएको प्रस्तुतिको आधारमा रही मूल्याङ्कन गरिने |

**(४) छनोट समिति**

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्षबाट १ जना संयोजक र अन्य २ जना प्राध्यापक वा सहप्राध्यापक सदस्य भएको ३ सदस्यीय छनोट समिति गठन गरिनेछ।

**(५) सिफारिससम्बन्धी व्यवस्था**

क) विनियम १०(३) को खण्ड (क) देखि (ज) सम्मका आधारहरूमा प्राप्त अङ्कको योगफलका आधारमा सर्वोत्तम अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारलाई समितिले वर्णानुक्रमानुसार कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ।

ख) कार्यकारी निर्देशक पदमा आवेदन गर्ने उम्मेदवारहरूमध्ये विनियम १०(३) को खण्ड (क) देखि (छ) सम्मको आधारमा प्राप्त हुने कूल अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने ५ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिनेछ।

ग) विनियम १०(३) को खण्ड (क) देखि (ज) सम्मको अङ्क गणनाअनुसार उम्मेदवार सिफारिस गर्न प्राप्तांक बराबर भएमा विनियम १०(३) को खण्ड (ङ) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइनेछ। विनियम १०(३) को खण्ड (ङ) बमोजिम बराबर भएमा विनियम १०(३) को खण्ड (च) बमोजिम बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिई समितिले सिफारिसका लागि निर्णय लिनेछ।

त्रिभुवन विश्वविद्यालय

## परिच्छेद - ६

## शिक्षण अस्पतालका कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी व्यवस्था

११. त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालसम्बन्धी कार्य व्यवस्थापन प्रणाली २०५३ को दफा ७.२अनुसार कार्यकारी परिषद्बाट गठन गरिएको चिकित्साशास्त्र अध्ययन संस्थानका डिनको संयोजकत्वमा अन्य दुई जना प्राध्यापक वा सहप्राध्यापक भएको तीन सदस्यीय समितिले अस्पताल प्रशासनमा दक्षता प्राप्त प्राध्यापक वा सह प्राध्यापकहरू मध्येबाट तीन जनाको नामावली कार्यकारी परिषद्समक्ष पेस गर्नेछ र त्यसमा विचार भई कार्यकारी परिषद्बाट कार्यकारी निर्देशकको नियुक्ति हुनेछ।

**१२. सिफारिसका आधार तथा मापदण्ड**

**(१) शैक्षिक उपाधि, अनुभव, योजना तथा प्रतिबद्धता**

क) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रसम्बन्धी वा जनस्वास्थ्य वा मेडिकल शिक्षामा वा अस्पताल व्यवस्थापनसम्बन्धी विषयमा विशिष्टीकरण गरी स्नातकोत्तर उपाधि प्राप्त,

ख) अस्पताल तथा विभिन्न विशष्टिकृत चिकित्सा केन्द्रलाई सञ्चालन गर्न आवश्यक पर्ने व्यावसायिक दक्षता, समस्या समाधान, जनशक्ति व्यवस्थापन, प्रशासनिक (सामान्य तथा आर्थिक प्रशासन) सञ्चालनसम्बन्धी, प्राविधिक तथा व्यवस्थापकीय नेतृत्व गर्न सक्ने कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवका प्रमाणित आधारहरू ,

ग) पेसागत अनुसन्धान तथा प्रकाशन,

घ) स्वास्थ्य सेवासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रोटोकल कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी कामको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अनुभव, प्रविधिको प्रयोग तथा विविध उपचार टिमहरूको परिचालन सिप,

ङ) विश्वविद्यालयको योजनाअनुरूप अस्पताल सञ्चालन, जनशक्ति, भौतिक व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि आर्थिक तथा अन्य व्यवस्थापनसम्बन्धी १,००० देखि २,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

च) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्कायसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको र निजी स्वास्थ्य संस्थाहरूका कुनै पनि सेवामा संलग्न नभएको स्वघोषणा,

छ) सामान्य तथा आर्थिक प्रशासन, अनुसन्धान वा प्राज्ञिक पदमा कार्य अनुभव।

**(२) उम्मेदवार हुन आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरू**

क) व्यक्तिगत विवरण,

ख) अस्पताल तथा विभिन्न विशिष्टीकृत चिकित्सा केन्द्रलाई सञ्चालन गर्न आवश्यक पर्ने विशिष्टीकृत व्यावसायिक दक्षता, समस्या समाधान, जनशक्ति व्यवस्थापन, प्रशासनिक

(सामान्य तथा आर्थिक प्रशासन) सञ्चालन सम्बन्धी, प्राविधिक तथा व्यवस्थापकीय नेतृत्व गर्न सक्ने कार्यक्षमता प्रदर्शन गर्ने दक्षता र अनुभवका प्रमाणित आधारहरू,

ग) विनियम १२(३) को खण्ड (घ) मा तोकिएबमोजिम अनुसन्धान कार्य, स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तकहरू, पाठ्यक्रम विकास, प्रविधिविकास तथा प्रतिलिपि अधिकारसम्बन्धी प्रमाणित सामग्रीहरू,

घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरूको नेतृत्व (PI, Co-PI or Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी अनुभवका कागजात

ङ) विश्वविद्यालयको योजनाअनुरूप केन्द्रको उन्नयन तथा उत्थानका लागि १,००० देखि २,००० शब्दसम्मको रणनीतिक कार्ययोजना,

च) विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान वा सङ्काय वा अस्पतालसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा सम्बन्धित व्यक्तिको लगानी नभएको/नगरेको र निजी स्वास्थ्य संस्थाहरूका कुनै पनि सेवामा संलग्न नभएको स्वघोषणा,

छ) अस्पताल विकास तथा व्यवस्थापन क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा समावेश गर्ने।

(३) **छनोट तथा सिफारिससम्बन्धी आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अङ्क अधिकतम अङ्क हुनेछ र कूल पूर्णाङ्क १०० मा मूल्याङ्कन हुनेछ। गणना गर्दा अधिकतम अङ्कभन्दा बढी भएमा अधिकतम पूर्णाङ्क कायम हुनेछ।

| **आधार** | **पूर्णाङ्क** | **गणना विधि** | **कैफियत** |
|---|---|---|---|
| (क) प्रशासनिक अनुभव | १० | • क्याम्पस प्रमुख, विभागीय प्रमुख, अस्पतालका सहनिर्देशक वा सो सरह पदका लागि प्रतिवर्ष १ अङ्क<br>• सहायक डिन वा सोसरह प्रतिवर्ष ०.७५ अङ्क<br>• सहायक क्याम्पस प्रमुख वा सोसरह ०.५ अङ्क | |
| (ख) प्राज्ञिक अनुभव | २० | • प्राध्यापक प्रतिवर्ष ३ अङ्क<br>• सहप्राध्यापक प्रतिवर्ष २ अङ्क | न्यूनतम अनुभव एक वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |

| | | | |
|---|---|---|---|
| (ग) अस्पताल व्यवस्थापन तथा स्वास्थ्य सेवा कार्य सञ्चालनसम्बन्धी योजना निर्माण वा अनुसन्धान वा कार्ययोजना निर्माण गरेको | १५ | • प्रति एकाइ उपलब्धिको २.५ अङ्कका दरले | न्यूनतम अनुभव वर्षभन्दा बढी भएको सेवा अवधिलाई मात्र अङ्क प्रदान गरिनेछ। |
| (घ) अनुसन्धानसम्बन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक, प्रतिलिपि अधिकार | २० | समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरीकृत जर्नल , प्रविधि विकास र प्रतिलिपि अधिकार<br>• अन्तर्राष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमशः ५, ४, ३, २ अङ्कका दरले (SciMago जर्नलको स्तरअनुसार)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकेको विज्ञहरूबाट मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full | |

| | | | |
|---|---|---|---|
| | | Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• प्रतिलिपि अधिकार प्रतिअधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>First Author, Corresponding Author र अरू Author भएमा क्रमशः तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ।<br>• अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>• राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति)<br>PI भएमा पूर्णाङ्क (Full Marks) र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ।<br>२ अनुसन्धानमूलक पुस्तक प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४अङ्क<br>३. अस्पताल व्यवस्थापन सेवा सञ्चालन आदि सम्बन्धी प्रकाशन ५ अङ्क (प्रति लेख १ अङ्क) | |
| (ङ) क्लिनिकल अध्ययन परियोजना | १० | • प्रति परियोजना २.५ अङ्क | |
